ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २७४
२२ असार २०८० शुक्रबार
07 July. 2023, Friday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका
अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## कुटपिट र दुर्व्यवहार गरेको भन्दै जलेश्वरका मेयर विरुद्ध मिटरब्याजपीडितहरु आन्दोलित

**रञ्जन भण्डारी**

**असार २१ गते, महोत्तरी**

जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारसहित तीनजना विरुद्ध मिटरब्याज पीडितहरूले बिहीबार जलेश्वरमा ऱ्याली निकालेका छन्।

बुधबार साँझ मेयर सोनार सहितका व्यक्तिले आफूहरूलाई कुटपिट गर्दै दुर्व्यवहार गरेको भन्दै पीडितहरू आन्दोलित भएका हुन्।

जलेश्वर नगरपालिकाको मूलगेटमा धर्ना दिँदै मेयर विरुद्ध नाराबाजी गरेपछि पीडितहरू जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय महोत्तरी पुगेका थिए। तर, प्रहरीले दर्ता नगरी फर्काइदिएको छ। हामी अनुसन्धान गर्दै छौँ, अनुसन्धानपछि दर्ता गर्ने वा नगर्ने भन्ने टुंगोमा पुग्छौँ भन्दै प्रहरीले आफूहरूलाई फर्काएको पीडितहरूले गुनासो गरेका छन्। प्रहरीले सानालाई ऐन र ठूलालाई चैनजस्तो व्यवहार देखाएको भन्दै पीडितहरूले मेयर विरुद्ध जाहेरी दर्ता नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन्।

भंगाहा नगरपालिका- ४ का मोहन महतोले बुधबार आफूहरूमाथि भएको घटना र दुर्व्यवहारको प्रमाणका रूपमा प्रहरीले सिसिटिभी फुटेज हेर्न सक्ने भए पनि बेवास्ता गर्दै मेयर लाई जोगाउन खोजेको महसुस आफूहरूलाई भइरहेको बताए।

मेयर सोनारले भने आफूलाई बदनाम गर्न मात्र खोजिएको जिकिर गरेका छन्। नयाँ पत्रिकासँग प्रतिक्रिया दिँदै उनले घटनास्थलमा आफूबाट नभई आफूमाथि अभद्र व्यवहार भएको बताए। उनले आफूमाथि जानाजान नभई अञ्जानमा त्यस्तो घटना हुन पुगेको भन्दै पदको मर्यादा आफूलाई थाहा




भएको र पदमै भएको कारण जनताको सानोतिनो गल्तीलाई नजरअन्दाज गर्ने गरेको प्रतिक्रिया दिए।

जलेश्वर नगरपालिका- ११ पिगौनाका परमेश्वरी देवीले आफ्नो नामको जग्गा नामसारी गराई स्थानीय साहुकारसँग ऋण लिएकी थिइन्। ऋण नतिरेको भन्दै साहुकार अदालत गएका थिए।

जिल्ला अदालतले जग्गाधनी पुर्जा भएका व्यक्तिलाई भोगचलन गर्न दिनू भन्ने आदेश दिएपछि परमेश्वरी देवीले अनुचित लेनदेनको कागज बनाई आफ्नो नामको जग्गा हडपेको भन्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकी थिइन्।

त्यसपछि जिल्ला प्रशासन कार्यालयमा परमेश्वरी देवी र साहुपक्ष बीच छलफलका लागि जलेश्वर नगरपालिकाका मेयर सोनार, वडाध्यक्ष र पीडितपक्ष उपस्थित भएका थिए। त्यही क्रममा प्रशासन कार्यालयको गेटबाहिर विवाद हुँदा हात हालाहालको अवस्था आएको हो।

## एसईई नतिजामा सुधार

**खबर दर्पण समाचारदाता**

**असार २१ गते, काठमाण्डौं**

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा एसईई-२०७९ को नतिजा बिहीबार प्रकाशित गरेको छ।

प्रकाशित नतिजा अनुसार गत वर्षको तुलनामा यस वर्ष एसईईको नतिजा सुध्रिएको छ। गत वर्षको एसईई नतिजा अनुसार यस वर्षको नतिजामा माथिल्लो जिपिए ल्याउनेको संख्या बढेको छ।

राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रण कार्यालयका अध्यक्ष महाश्रम शर्माका अनुसार गत आर्थिक वर्षमा तल्लो जिपिए ल्याउने संख्या बढी रहेको तर यस वर्ष भने माथिल्लो जिपिए ल्याउने संख्या बढी रहेको छ।

उहाँले भन्नुभयो,"गत वर्षको तुलनामा यस वर्षको एसईईको नतिजा सुधारिएको महसुस गरेका छौँ। गत वर्ष तल्लो जिपिए ल्याउनेको संख्या बढी थियो। यो वर्ष माथिल्लो जिपिए ल्याउनेको संख्या बढी रहेको छ।"

अंग्रेजी, विज्ञान र गणित विषयमा स्तरीकृत प्रश्नपत्र बनाएका कारण पनि नतिजा सुध्रिएको उहाँ बताउनुहुन्छ। गत वर्ष ३.६ देखि ४ जिपिए ल्याउने नौ हजार ६३३ विद्यार्थी थिए। यो कुल विद्यार्थीको १.९४ प्रतिशत थियो। अहिले यो जिपिए ल्याउने संख्या २२ हजार ४७५ छ। यो कुल संख्याको ४.६३ प्रतिशत हो।

गतवर्ष ३.२ देखि ३.६ जिपिए ल्याउने ४१ हजार ६२७ विद्यार्थी थिए। जुन कुल विद्यार्थी संख्याको ८.४ प्रतिशत हो। यस वर्ष यो जिपिए ल्याउनेको संख्या ५५ हजार ६९ रहेको छ। यो कुल विद्यार्थी संख्याको ११.३६ प्रतिशत हो।

यस्तै २.८ देखि ३.२ जिपिए ल्याउनेको संख्या ६९ हजार ९०० थियो। यो कुल विद्यार्थी संख्याको १४.१० प्रतिशत थियो। यस वर्ष यो जिपिए ल्याउने ७२ हजार ३६२ छ। यो कुल विद्यार्थी संख्याको १४.९२ प्रतिशत हो।

गतवर्ष २.४ देखि २.८ जिपिए ल्याउनेको संख्या ९० हजार ७५८ थियो। जुन कुल विद्यार्थी संख्याको १८.३१ प्रतिशत थियो। यो वर्ष यही जिपिए ल्याउनेको संख्या ८९ हजार ३३१ छ। जुन कुल विद्यार्थी संख्याको १८.४२ प्रतिशत हो।

गतवर्ष २ देखि २.४ जिपिए ल्याउनेको संख्या एक लाख १२ हजार ७३३ थियो। यो कुल

**एसईई नतिजा २०७९**

| जिपिए | विद्यार्थी संख्या |
|---|---|
| ०.८०-१.२० | २२०० |
| १.२०-१.६० | ३८७७० |
| १.६०-२.०० | ८८४४७ |
| २.००-२.४० | १०२२९३ |
| २.४०-२.८० | ८९३३१ |
| २.८०-३.२० | ७२३६२ |
| ३.२०-३.६० | ५५०६९ |
| ३.६०-४.०० | २२४७५ |

**एसईई नतिजा-२०७८**

| जिपिए | विद्यार्थी संख्या |
|---|---|
| ०.८०-१.२० | ३२८० |
| १.२०-१.६० | ४४५८६ |
| १.६०-२.०० | १०५९४ |
| २.००-२.४० | ११२७३३ |
| २.४०-२.८० | ९०७५८ |
| २.८०-३.२० | ६९९०० |
| ३.२०-३.६० | ४१६२७ |
| ३.६०-४.०० | ९६३३ |



विद्यार्थी संख्याको २२.७४ प्रतिशत हो। यो वर्ष यो जिपिए ल्याउने ल्याउनेको संख्या एक लाख दुई हजार २९३ रहेको छ। यो कुल विद्यार्थी संख्याको २१.०९ प्रतिशत हो।

गतवर्ष १.६ देखि २ जिपिए ल्याउनेको संख्या एक लाख ५९४ थियो। जुन कुल विद्यार्थी संख्याको २०.३ प्रतिशत हो। यस वर्ष यो जिपिए ल्याउनेको संख्या ८८ हजार ४४७ रहेको छ। यो कुल विद्यार्थी संख्याको १८.२४ प्रतिशत हो।

गतवर्ष १.२ देखि १.६ जिपिए ल्याउनेको संख्या ४४ हजार ५८६ थियो । जुन कुल विद्यार्थी संख्याको ९ प्रतिशत हो। यस वर्ष यो जिपिए ल्याउनेको संख्या ३८ हजार ७७० छ। जुन कुल विद्यार्थीको ७.९९ प्रतिशत हो।

गतवर्ष ०.८ देखि १.२ जिपिए ल्याउनेको संख्या तीन हजार २८० थियो। जुन कुल विद्यार्थी संख्याको ०.६६ प्रतिशत थियो। यस वर्ष यो जिपिए ल्याउनेको संख्या दुई हजार २०० छ। यो कुल विद्यार्थी संख्याको ०.४५ प्रतिशत हो।

यस वर्ष कुल चार लाख ८४ हजार ९३९ विद्यार्थीले एसईईको परीक्षा दिएका थिए। जसमध्ये १३ हजार ९९२ विद्यार्थी आंशिक परीक्षा दिएका वा उपस्थित नै नभएका बोर्डका अध्यक्ष शर्माले बताउनुभयो।

शर्मा गत वर्षको तुलनामा यस वर्षको नतिजा सुध्रिनुमा कोभिडको संक्रमण कम हुनु पनि कारण रहेको मान्नुहुन्छ। उहाँले भन्नुभयो, "गतवर्ष कोभिडको त्रास थियो। अस्थामा सामान्य नहुँदा विद्यार्थीको मानसिकता पनि पूर्ण रुपमा सामान्य अवस्थामा थिएन। तर, यस वर्ष भने अवस्था सामान्य भएको छ। पढाइ पनि सुधारि एको छ।" यस वर्षमा प्रश्नपत्रको निर्माण विद्यार्थीको स्तरअनुसार को भएका कारण उत्तर लेख्न विद्यार्थीलाई सहज भएको उहाँले बताउनुभयो।

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
क्षीरेश्वरनाथ नगरपालिका कार्यालय
धनुषा

खबर दर्पण



# छात्र छात्राहरुलाई झोला वितरण



**खबर दर्पण समाचारदाता**

**असार २१ गते, महोत्तरी**

मटिहानी नगरपालिका वडा नं. ६ स्थित राष्ट्रिय जनता आधार भूत प्राथमिक विद्यालयका छात्र छात्राहरुलाई मटिहानी नगर पालिका नगर प्रमुख हरि प्रसाद मण्डलले झोला बितरण गरेको छ ।

वडास्तरीय कार्यक्रम अन्तर्गत सो विद्यालयमा कक्षा १ देखि ५ सम्मका ३ सय ९० जना छात्र-छात्राहरुलाई झोला वितरण गरि एको कुरा वडा सचिव बिकेश झाले बताउनु भयो ।

विद्यालय अध्ययन गर्दा सहज एवं बनाउनु हुँदै मण्डलले वितरणले छात्र-छात्राहरुलाई पढाइमा सहयोग पुग्ने भन्नुभयो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामस्नेही मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा ६ का वडा अध्यक्ष कलीम अंसारी, वडा ८ का वडा अध्यक्ष रितेश साह, पूर्व वड़ा अध्यक्ष रामबाबू नायक, शिक्षा संयोजक चन्देश्वर साह, वड़ा सदस्यहरुको सहभागिता रहेको थियो ।




# एसईई विद्यार्थीहरुलाई सरोजको चिट्ठी



प्यारो एसईई विद्यार्थीहरु,

शुक्रबार एसईईको परिक्षा रिजल्ट प्रकाशित भयो। पास हुने सम्पुर्ण विद्यार्थीहरुलाई बधाई छ साथै फेल हुने विधार्थीहरुलाई आगामी दिनका लागि शुभकामना, फेरि पनि मौका आउने छ ।

तपाईहरु आज जसरी परिक्षाफल अर्थात मेहनतको फलको प्रतिक्षामा हुनुहुन्थ्यो । त्यसरी म पनि कुनै दिन थिए। फरक यति छ कि तपाईहरुको रिजल्ट जिपिएमा आयो भने हाम्रो प्रतिक्षतमा थियो तर कुरै एउटै हो। कुरा गरौ तपाईहरुको रिजल्टको, तपाईहरुको जिपिए धेरै आयो, कहि न कहि तपाई कै मेहन्तको फल होला तर यहि पनि ठुला सफलता हैन तै पनि सेलेब्रेसन जरुरी छ। जसले मनोवल बढाउँछ ।

जसको जिपिए कम आयो, धेरै नसोच्नु र मनलाई सबल बनाउनु एउटा भनाई छ, एक परिक्षाले तपाईको भविष्य तय गर्दैन तर भएको गल्तिलाई मन्न गर्नुस् र अगाडि बढ्नु। पछि फर्कर हेर्दा कमिजोरी भयो होला। पढाईमा अलि कम ध्यान देखि लिएर अन्य तर त्यसलाई परिवर्तन गर्न सकिन्न । त्यसलाई सुधार गरेर भविष्य सोचेको जस्तो बनाउन सकिन्छ ।

अब के गर्ने यसरी पढेर हुने हो त भने कुरा पनि छ। यी अवस्थामा प्राय विद्यार्थीहरुको मन्नमा आउने प्रश्न हो। अगामि दिनमा तपाईहरुलाई कडा मेहनत गुर्नु पर्ने हुन्छ। कुनै समयमा एसईईलाई फलामको ढोका मान्ने गर्दथ्यो। पार गरे पछि जिवन कै एक सफल व्यक्तित्व मानिन्थ्यो तर अहिले अवस्थामा नितान्त फरक भयो। फरक यो मानेमा पढाईको स्तर फरक भएको छ। अवस्था परिवर्तन छ तर मुल्य त्यति नै छ त्यसैले अब तपाईहरुको भविष्य तपाईहरुले छनोट गर्ने बाटोमा हुने छ ।

अहिले हामीले बुझेका छौं कि एउटा परीक्षा पास गर्दैमा वा एउटा परीक्षा फेल हुदैमा हुने त केहि रहेछन्। त्यो रिजल्टमा फेल लेखेको देख्दा जिवन नै रोकिन्छ होला तर त्यस्तो हुन्न यदि हामीमा आत्मविश्वास छ भने कुनै हारले पनि रोकिदैन रहेछ। ठुलो कुरा गर्न त खोजेको होईन तर आज रिजल्ट हेर्दै गर्दा तपाईमा पनि केहि निराशा, डर, लाज, पिडा वा अध्याँरो छ होला भने नो वरी। फेल वा पास चाहे जे भएपनि यो धिमगतिले तपाईलाई माईनस होईन प्लस गर्नेछ । विश्वास गर्नुहोस्। यो रिजल्टलाई जितेर अगाडी बढिसकेपछि तपाई जब दश, बीस, तिस या चालिस वर्ष पछि कतै आङ्ग नो जीवनको कथा सुनाउदै गर्नु हुनेछ। तब यो रिजल्टको बारेमा हाँस्दै कुरा गर्नु हुनेछ। अनि भन्नु हुनेछ, तर मैले हार मानिन

राम्रो जिपिए आउँदैमा धेरै राम्रो विषय लिएर पढ्न न अतालिनु या खराबै जिपिए आउँदैमा कमजोर विषय लिएर पढ्न न अतालिनु होला। जति नै जिपिए आए पनि तपाईको इच्छा अनुसार सिनियरहरुको सल्लाह लिएर छनोट गर्नु होला र कडा परिश्रमले राम्रो गर्नु होला। तर जुन विषय छनोट गरे पनि तपाई आफ्नो लक्ष्य प्रति अडिग भएर गर्नु होला। अरुलाई हेरेर हैन आफ्नो सबल पक्षलाई ध्यान दिएर गर्नु होला र निरन्तर परियसा गरि आफ्नो उज्जवल भविष्य निमार्ण गर्नु होला ।

तपाईहरु सक्षम हुनुहुन्छ र धेरै गर्न सक्नु हुन्छ। आफ्नो लक्ष्य तय गरेर त्यसको लागि तयार पार्नुस्। संसार प्रतिपर्स्धामा भइरहन्छ यहाँ कोई पनि कमजोर छैन त्यहि भएर प्रतिस्पर्धा गर्न सक्नु पर्छ। हिन्दि एक मुभिको डायलग छ जिवन एक दौड हो, यति तपाई छिटो दौडन् सक्नु हुन भने टुटेको अण्डा जस्तै हुनु हुनेछू। अर्थात सबै आ आफ्नो लक्ष्य प्राप्ति प्रति भगिरहन्छ। जिवन लामो छ बुझ्दै हिड्नुस्, कोशिस सम्म त गर्नु पर्छ यति सम्म गर्नु भयो भने तपाईलाई कहिले विगतलाई सम्झेर मन खिन्न हुन्न ।

अन्तत् आगामि दिनका लागि शुभकामना। तपाईहरुलाई केहि सल्लाह भए सम्झनु होला सक्ने दिने छु। शुभ होस्।

**-सरोजकुमार महतो**






# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**औरही महोत्तरी**

**मधेस प्रदेश, नेपाल**

**प्रथम पटक प्रकाशित सूचना**

मिति २०८०।०३।२२ गते

# हटिया बट्टीको शिलबन्दी बोलपत्र आह्वानको सूचना

स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम लिन पाउने नगरपालिका क्षेत्र भित्र हटिया बजारको बट्टी असुल कार्यको ठेक्का आ.व.२०८० श्रावण १ गते देखि २०८१ असाढ मसान्त सम्म १ वर्षको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रित पूर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ। यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१,०००।- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

निम्न :

| वडा नं | हाट बजार | कबोल रकम रु | धरौटी रकम रु. ५% | कैफियत |
|---|---|---|---|---|
| ४ | कठुधार बजार | १,५०,०००। | ७,५००। | |
| ५ | श्रीपुर धर्मशाला निरको बजार | १,६०,०००। | ८,०००। | |
| ७ | भोइल बजार | १,५०,०००। | ७,५००। | |
| ८ | टिमकिया बजार | ३०,०००। | १,५००। | |

**शर्तहरु :**

१. आ.व.२०८०-०८१ का लागि ठेक्का रकम भन्दा माथि सबै भन्दा कबोल गर्ने सारभुत्त रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार एक वर्षका लागि दिई भलन गर्न दिईनेछ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाको कालो सुचीमा राखी सेवा रोक्का व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले लिन पाउने छैन ।

३. प्राप्त बोलपत्रहरु यो सुचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र मिति २०८० श्रावण ०५ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।

४.बोलपत्र दिने व्यक्ति नेपाली नागरिक ५ प्रतिशत दरले बोलपत्र अंकको धरौटी रकम यस न.पा.को सिटिजन्स बैंकमा रहेको धरौटी खाता हि.नं.०६६०१०००००१२४२०१ मा जम्मा गरि सोको सक्कलै भौचर यस कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्ने छ ।

५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आँशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.कार्यालयमा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुने आउने सम्पूर्ण ठेक्का रकम २ किस्तामा चुक्ता गर्नु पर्ने छ। पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिर्वाय दाखिला गर्नु पर्ने छ। दोश्रो किस्ता रकम २०८० पुष मसान्त भित्र सम्ममा जम्मा गर्नु पर्ने छ। सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका बिच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार बारवाही अगाडी बढाईनेछ। आ.व.२०८०-०८१ सम्मको एक वर्ष अवधिको बाँकी किस्ता बराबर रकमको परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी) दिनु पर्ने छ। धन तथा जेथा जमानीलाई मान्यता दिईने छैन ।

७. ठेकेदारले राखेको बैंक ग्यारेण्टी रकम नगरपालिकाले जुन सुकै बखत माँग गरी आफ्नो बक्यौता रकम असुल उपर गर्ने छ ।

८. ठेकेदारले ठेक्का रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधहरु राख्न पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानिय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको बिना शर्त पालना गर्नु गराउनु पर्ने छ। सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष माँग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल सरकारको कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ। सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ।

११. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन। न.पा.को छाप लागेको रसिद भरपाई प्रयोजनमा ल्याउनु पर्ने छ। कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ। सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही प्रकृया अगाडी बढाउने छ ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर शुल्क दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१३. कुनै किसिमको हडताल बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाइने छैन ।

१४. स्वीकृत बोल कबोल अंकको रकम एक मुष्ट जम्मा गरेमा कबोल अंक रकमको १० प्रतिशत छुट हुने छ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरी होर्डिङ बोर्ड राख्नु पर्ने छ ।

१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय बिच विवाद उत्पन्न भएको औरही नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बहाना वा कारण देखाई ठेक्का रकम मिनाहा छुट ठेकेदारले दाबी वा माँग गर्न पाउने छैन ।

१९. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उत्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# विभिन्न पार्टी परित्याग गरि कांग्रेस भित्रिएकालाई कांग्रेसले तोक्यो जिम्मेवारी



**खबर दर्पण समाचारदाता**
**असार २१ गते, महेन्द्रनगर**

नेपाली कांग्रेस मधेश प्रदेश समितिले विभिन्न पार्टी परित्याग गरि कांग्रेस प्रवेश गरेकाहरुलाई प्रदेश र जिल्ला समितिको जिम्मेवारी तोकेका छन्।

बिहीबार कांग्रेसका मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादवले जारी गरेको विज्ञप्तिमा कांग्रेस प्रवेश गरि प्रदेश सांसदसमेत जितेका जसपाका तत्कालीन मधेश प्रदेश उपाध्यक्ष शेषनारायण यादवलाई प्रदेश समिति सदस्यमा मनोनयन गरे।

प्रदेशसभा निर्वाचनको पूर्वसन्ध्यामा कांग्रेस भित्रिएर उनी हाल धनुषा निर्वाचन क्षेत्र ४ को १ बाट प्रदेश सांसदमा निर्वाचित भइसकेका छन्। र जपा परित्याग गरि कांग्रेस प्रवेश गरेका कृष्णकुमार सिंह, एमालेबाट आएका डा. संजिवकुमार यादव, जसपाबाट आएका बजरंग यादवका साथै नेकपा एमालेको मधेश प्रदेश सदस्य परित्याग गरि आएका गुरुदेव यादव र फूलकुमारी महतोलाई प्रदेश समिति सदस्यमा मनोनयन गरिएको छ। उनीहरुलाई ती पदमा मनोनयन गर्न पार्टीका केन्द्रीय सह-महामन्त्री महेन्द्र यादवले सिफारिस गरेका थिए। साथै सहमहामन्त्री यादवले जसपा जिल्ला कार्यसमिति सचिव त्याग गरि आएका घनश्याम यादवलाई कांग्रेसको जिल्ला सचिव, जसपाको जिल्ला सदस्य त्याग गरि आएका डा. सत्रुधन यादव र मकेश्वर यादवलाई जिल्ला सदस्य र एमाले जिल्ला सदस्य त्यागेर आएका मुकुन्द यादवलाई जिल्ला सदस्यमै मनोनयन गर्न समेत सिफारिस गरिसकेको हो। जिल्लामा सिफारिस गरि एकाहरुको मनोनयन भने हुन बाँकी रहेको सहमहामन्त्री यादवले बताए।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरू समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
**रामगोपालपुर नगरपालिका कार्यालय, महोत्तरी**

# मधेश प्रदेशको १ सय ३३ पालिकामा जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा

**खबर दर्पण समाचारदाता**
**असार २१ गते, महेन्द्रनगर**

प्रदेश सरकारले मधेश प्रदेशमा रहेको १ सय ३६ पालिका मध्ये १ सय ३३ पालिकामा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा ल्याएको छ ।

मधेश प्रदेशमा बाँकी रहेको पर्साको वीरगञ्ज महानगर पालिका, पोखरीया तथा सर्लाहीको मलंगवा नगर पालिकामा प्रयोगशाला सञ्चालन गर्ने तयारीमा रहेको र चाडै सञ्चालन गर्ने प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुर धामका निर्देशक डा. श्रवण कुमार मिश्रले जानकारी दिनुभयो ।

प्रयोगशालाका लागि जग्गा सहितको भवन सम्बन्धित पालिकाले प्रदान गर्ने गरेको छ भने प्रयोगशालाको लागि दुई जना प्रशिक्षित जनशक्ति तथा उपकरण सहितका सञ्चालनका लागि आवश्यक पर्ने अन्य सामानहरू प्रदेश सरकारले उपलब्ध गराउने गरेको निर्देशक डा. मिश्रले बताउनुभयो ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाले वायोम्याट्रीक, हेमाटोनोलोजी एनलाईजर, माईक्रोस्कोप, कलोरी मिटर अन्य उपकरण, फ्युज, दराज, फ्रिज र केमिकल सहितको



सामाग्रीहरू प्रदान गरेको छ । यसै गरि विद्युत् सप्लाई बन्द नहोस् भन्नका लागि यूपियस सहितको ब्याट्री, एसी सहितका सामानहरू प्रदान गरिरहेको छ ।

अव पालिका स्तरमा खोलिएको प्रयोगशालाबाट ४६ प्रकारको परीक्षण हुने भएको छ । हरेक स्वास्थ्य व्यक्तिले वर्षको एक पटक अनिवार्य रुपमा स्वास्थ्यको परीक्षण गर्न आवश्यक भएको प्रयोगशालाका निर्देशक डा. मिश्रले बताउनु भयो ।


रोग लाग्नबाट जोगिन तथा शरीरको अवस्थाका बारेमा समयमा जानकारी पाउनका लागि स्वास्थ्यको परीक्षण गराउन आवश्यक रहेको चिकित्सकहरूले पनि सल्लाह दिने गरेको छ । पालिका स्तर मा नै न्यूनतम शुल्कमा स्वास्थ्यको परीक्षण हुनुभएपछि सर्वसाधारणलाई राहत मिल्ने विश्वास प्रदेश सरकारको रहेको छ ।

अव ४६ प्रकारको स्वास्थ्यको परीक्षण पालिकामा नै हुने भएको छ । अहिले मधेश प्रदेश सहित देशमा नै बढेको उच्च रक्तचाप, मधुमेह, हृदय रोग जस्ता नसर्ने रोगका बारेमा समयमा जानकारी पाउन तथा अनिकालमा ज्यान जान नदिनका लागि स्वास्थ्य परीक्षण आवश्यक भएको मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले बताउनु भयो । जनकपुर धाम उपमहानगरपालिकामा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला आज देखि सञ्चालनमा आएको छ ।

सोही क्रममा जलेश्वरको मलिवारा स्वास्थ्य चौकीमा विभिन्न रोगको चेकजाँचको लागि प्रयोगशाला सेवाको शुभारम्भ भएको छ।


मधेश प्रदेश सरकारको सहयोगमा विहिबार जलेश्वर न.पा. वडा न. ३. मलिवाराको स्वास्थ्य चौकी मा रगत, दिशा, पिसाब चेकजाँच गर्ने प्रयोगशाला सेवाको शुभारम्भ भएको हो ।

**डेंगी नियन्त्रणका तीन उपाय**




**बर्दिवास नगरपालिका**
महोत्तरी

**डेंगी नियन्त्रणका तीन उपाय**




**मिथिला नगरपालिका**
ढल्केवर, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा